**सम्वत् २०८२ साल बैशाख ०७ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः विपद् व्यवस्थापन नियमावली, २०८२ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयः एकमुस्ट रूपमा विनियोजित रकम बाँडफाँट गरी स्थानीय तहबाट कार्यान्वयन हुने गरी वित्तीय हस्तान्तरण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली प्रविष्टिका लागि स्वीकृति प्रदान गर्ने।

**सम्वत् २०८२ साल बैशाख १६ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः केही प्रदेश ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८२ जारी गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः कोशी प्रदेश लगानी सम्मेलन, २०२५ को अवसरमा कोशी प्रदेश सरकारको नीतिगत प्रतिबद्धता जारी गर्ने।

**सम्वत् २०८२ साल बैशाख २४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) नियमावलीको मसौदा उपर प्रदेश लोक सेवा आयोगको परामर्श माग गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी गाउँपालिका, सुनसरीको साबिक वडा नं. १, लौकहीबाट वडा नं. ३, बद्रीपुलमा केन्द्र हेरफेर गर्न नेपाल सरकारलाई सिफारिस गर्ने।

३. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः कारखाना तथा वर्कशप संचालन निर्देशिका, २०८२ स्वीकृत गर्ने।

४. नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम कोशी प्रदेश, प्रदेश सभाको सातौं अधिवेशन मिति २०८२।०२।०४ गते आइतवार दिनको ०२:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*